**सडक दुर्घटनाबाट बचौं र बचाऔं**
- जेब्राक्रसिङ, सडक चिह्न र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
- नियमित सवारीसाधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारीसाधन चलाउँदा मोबाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालबालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिंड्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com



प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratеekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ १३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 26 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १४९

## वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ कागजमैं सीमित

# बाराका १० हजार हेक्टर वन क्षेत्र अझै अतिक्रमण

जीतलाल श्रेष्ठ, निजगढ, १२ माघ/

नेपाल सरकारले वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ लागू गरेको एक दशक नाघे पनि बारामा यो रणनीतिले प्रभावकारी ढङ्गले काम गर्न सकेको छैन ।

डिभिजन वन कार्यालयहरूले सो नीति अनुसार कार्य गर्ने योजना बनाउने गरे पनि राजनीतिक साथ नपाउँदा प्रभावकारी बन्न नसकेको बुझिएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को राज्यको नीति अन्तर्गत धारा ३५ (५)मा 'राज्यले वन, वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपभोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ' भनिएको छ । उक्त रणनीतिको कार्यविधिमा अतिक्रमित क्षेत्र तुरुन्त खाली गर्ने, हटाउने, जमीनलाई पुनः वन क्षेत्र कायम हुनेगरी, प्रकृति हेरी तारबार, वृक्षारोपण गर्ने, हुर्काउने र संरक्षणका लागि जनसहभागिता जुटाउनेलगायत बुँदा समेटिएका छन् । व्यक्तिगत, संस्थागत, धार्मिक नाउँमा वर्षौंदेखि अतिक्रमित वन क्षेत्र पनि खाली गराइ वन क्षेत्र नै कायम गर्ने भनिएको छ ।

मधेस प्रदेशको बर्दिबासदेखि बाराको अमलेखगंजसम्म राजमार्गमा जोडिएका एक दर्जनभन्दा बढी स्थानमा वन क्षेत्रभित्र बस्ती बसेको पाइन्छ । पाँच/सात वर्ष अघिसम्म पातलो देखिएको वन क्षेत्रका त्यस्ता बस्तीहरू अहिले बाक्लिंदै गएका छन् । वन क्षेत्रमा रहेका अवैध बस्ती स्थानान्तरण वा हटाउन स्थानीय तहले भूमिका निर्वाह गर्नुपर्नेमा बस्ती स्थापित गराउँदै 'भोट बैंक' बनाउँदै आइरहेका छन् ।

पथलैयानजीकै दुधौरा पुलसँगै रहेको छ दर्जनभन्दा बढी घरटहरा बसेको वर्षौं भएपनि सोको स्थानान्तरण वा हटाउन न सङ्घीय सरकार, न प्रदेश सरकार, न स्थानीय तहले भूमिका निर्वाह गरेका छन् ।

गत वर्ष डिभिजन वन कार्यालय, बाराका तत्कालीन प्रमुख एवं डिएफओ विनोद सिंहको निर्देशनमा पथलैया सबडिभिजन वन कार्यालयले वन क्षेत्रभित्र रहेको दुधौरा बस्ती हटाउन सूचना जारी गरेको थियो। तर अनावश्यक राजनीतिक दबाब र असहयोग भएपछि वन कार्यालय पछि हट्नुपरेको थियो । सुकुमबासी वा कुनै पनि नाम वा बहानामा वन क्षेत्रमा बस्ती बस्नु, बसाइनु, वनको जमीन कब्जा, अतिक्रमण गर्नु वन ऐन, कानूनविपरीत ठहर्ने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ राजीवकुमार झा बताउँछन् ।

भर्खरै नेपाल सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेशले वन क्षेत्रको अतिक्रमित जमीन, बस्तीहरूलाई वैधानिकता दिने कार्य वन क्षेत्रका लागि ठूलो समस्या र चुनौती बन्न सक्ने देखिएको वन, वन्यजन्तु विज्ञ एवं जानकारहरूको भनाइ छ ।

बाराको निजगढ नगरपालिका, कोल्हवी नगरपालिका र जीतपुरसिमरा उपमहानगरपालिकाका दुई दर्जनभन्दा बढी बस्तीका अधिकांश भूभाग वनसँग जोडिएका छन् । माओवादी द्वन्द्व र मधेस आन्दोलनताका वनको जमीन कब्जा, अतिक्रमण गरी बसेको स्वयम् अतिक्रमणकारीहरू नै बताउँछन् ।

पछिल्लोपटक अतिक्रमित वनको जमीन संरक्षण गर्ने नाउँमा फायरलाइन खोलिएका छन् । अग्निरेखा खोलिएपछि त्यसपछाडि वनको जमीन अतिक्रमण गरी बढाउन रोकिए पनि त्यस अघिका अधिकांश वनका जमीनमा भने निर्धक्क बस्ती बाक्लिंदै गएको छ ।

यसरी अवैध बस्ती, जमीन कब्जा, अतिक्रमण बेलैमा हटाउन नसक्दा अझै बारामा १० हजार हेक्टरभन्दा बढी वन क्षेत्र अतिक्रमणमा परेको डिभिजन वन कार्यालय, बाराको रेकर्डबाट देखिन्छ ।



निजगढ नपा–२ सिंगौलस्थित वनदेवी सामुदायिक वन समूहको वन क्षेत्रको जमीन कब्जा गरी गरिएको खेतीपाती र बनाइएका घरटहराहरू । तस्वीरः प्रतीक

## माछापालक किसानको प्रथम राष्ट्रिय सम्मेलन

प्रस, परवानीपुर, १२ माघ/

नेकपा (एमाले)निकट अखिल नेपाल किसान महासङ्घका २३ वटामध्ये विषयगत सङ्गठनको रूपमा चिनिने माछापालक किसान सङ्घको प्रथम राष्ट्रिय सम्मेलन बाराको परवानीपुरमा सम्पन्न भएको छ ।

कृषि अनुसन्धान निर्देशनालय मधेस प्रदेश, परवानीपुरको सभाहलमा आयोजित दुई दिने कार्यक्रममा २३ वटा जिल्लाका माछापालक किसानहरूको सहभागिता थियो ।

सम्मेलनको उद्घाटन एमाले मधेस प्रदेश कमिटी इन्चार्ज लीलानाथ श्रेष्ठ गरेका थिए । उनले माछापालक किसानलाई सरकारले विभेद गरेको आरोप लगाए । किसानले परम्परागतशैलीबाट आज पनि माछापालन गरिरहेको बताउँदै उनले आगामी दिनमा किसान सङ्गठित भएपछि सरकार आवाज सुन्न बाध्य हुने जिकिर गरे ।

कार्यक्रममा किसानहरूले नेपालमा माछापालन गर्दा प्राविधिक सहयोगको अभाव रहेको चर्चा गर्दै माछा सङ्कलन केन्द्रसमेत सरकारले बनाउनुपर्ने माग राखेका थिए । उनीहरूले तालीम केन्द्रको अभाव, ढाल्टाको मार र खुल्ला सिमानाका कारण नेपाली माछा बजार प्रभावित हुँदै गएको समेत औंल्याएका थिए। उनीहरूले यस्ता समस्यालाई तीनै तहका सरकारले सम्बोधन गर्न पहल गर्नुपर्ने माग राखेका थिए ।

सङ्घका केन्द्रीय अध्यक्ष उमेश गुप्ताको अध्यक्षता र अखिल नेपाल किसान महासङ्घ मधेस प्रदेशका सचिव रामप्रसाद घिमिरेको सहजीकरणमा सम्पन्न कार्यक्रमको उद्घाटन सत्रमा विशिष्ट अतिथि बारा क्षेत्र नं ३ की सांसद ज्वालाकुमारी साह, एमाले नेता एवं पूर्वमन्त्री पुरुषोत्तम पौडेल, अखिल नेपाल किसान महासङ्घका उपाध्यक्ष राजकुमार उप्रेती, निर्वाचन कमिटी अध्यक्षमण्डलका अध्यक्ष सरीता भुसाललगायतको सहभागिता थियो ।

तस्वीरः प्रतीक




## क्षणिक स्वार्थमा लागेर पत्रकारिता नगर्न सुझाव

प्रस, वीरगंज, १२ माघ/

वीरगंज उपमहानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले क्षणिक स्वार्थमा लागेर पत्रकारिता नगर्न सुझाएका छन् ।

नेपाल मुस्लिम पत्रकार सङ्घ पर्साले शनिवार आयोजना गरेको नेपाल पत्रकार महासङ्घका निर्वाचित पदाधिकारी, सदस्यहरूलाई सम्मान गर्दै कार्यक्रमका प्रमुख अतिथि उपप्रमुख आलमले राज्यले गर्ने सही र गलत कार्यको उजागर गर्ने पत्रकारहरूप्रति समाजको विश्वास भएकोले सोही अनुसार कार्य गर्न आग्रह गरे । उनले क्षणिक स्वार्थका लागि गरिने पत्रकारिताले पेशागत विश्वसनीयतामा नकारात्मक असर पुग्ने हुँदा यस कुरालाई मनन गरी पत्रकारिता गर्न आग्रह गरे । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका साथै केन्द्र, मधेस प्रदेशमा निर्वाचित पर्साका पत्रकारहरूलाई सम्मान गरिएको थियो ।

नेपाल मुस्लिम पत्रकार सङ्घ पर्साका अध्यक्ष मन्सुर मियाँको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस काउन्सिलका सदस्य लालबाबू शेख, नेपाल पत्रकार महासङ्घ लेखा समिति संयोजक केसी लामिछाने, मधेस प्रदेश अध्यक्ष श्याम बन्जारा, पर्सा शाखा अध्यक्ष ओमप्रकाश खनाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्व पत्रकार नेहाल खानको परिवारलाई मुस्लिम पत्रकार सङ्घको तर्फबाट उपप्रमुख आलमले ३१ हजार रुपैयाँ सहयोग राशि हस्तान्तरण गरेका थिए ।

तस्वीरः सौजन्य




## प्रेस स्वतन्त्र भए लोकतन्त्र बलियो हुन्छ – नेत्री साह

प्रस, रौतहट, १२ माघ/

जनता समाजवादी पार्टी नेपालकी नेत्री शोभा साहले प्रेस स्वतन्त्र भएमा मात्र लोकतन्त्र बलियो हुने बताएकी छन् ।

श्रमजीवी पत्रकार सङ्घ नेपाल रौतहटले प्रथम जिल्ला अधिवेशनको क्रममा शनिवार आयोजना गरेको 'लोकतन्त्रमा स्वतन्त्र पत्रकारको भूमिका' विषयक अन्तर्क्रियामा उनले निष्पक्ष भएर पत्रकारिता गर्न सुझाइन् ।

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश सदस्य शैलेन्द्र झाले लोकतन्त्रमा सबैलाई संस्था खोल्ने अधिकार भएको बताए । उनले अहिलेसम्म पत्रकारहरूको साझा संस्थाको रूपमा नेपाल पत्रकार महासङ्घले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको दाबी गरे ।

नेपाल पत्रकार महासङ्घ रौतहटका पूर्वअध्यक्ष रवीन्द्रप्रसाद साहले पत्रकारले गर्ने कार्य र पत्रकारविरुद्ध भइरहेका विभेदबारे चर्चा गरेका थिए । सन्तोष पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण अभिमन्यु पटेलले गरेका थिए ।

तस्वीरः प्रतीक




**भारतको ७६औं गणतन्त्र दिवसको** उपलक्ष्यमा समस्त भारतीय नागरिक तथा भारतीय महावाणिज्य दूतावासमा कार्यरत मित्रहरूमा हार्दिक मङ्गलमय शुभकामना !

**प्रतीक दैनिक परिवार**

**गणतन्त्र दिवसको शुभकामना**



भारतको ७६औं गणतन्त्र दिवसको अवसरमा हार्दिक मङ्गलमय शुभकामना ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड

**जगदम्बा स्टील प्रा. लि.**
**जीतपुरसिमरा उपमहानगरपालिका, बारा**

**विचारसार र सूक्तिहरू**

**खुशी दिने व्यक्ति भलै आफ्नो नहोस्, तर दुःख दिने हमेशा आफ्ना नै हुन्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बन्धनमुक्त होस् हाम्रो जीवन

**जीवनरूपी दिव्य रथलाई तपस्याले तिखारौं, प्रत्येक परिस्थितिका पछाडिको मनःस्थितिको अवलोकन प्राप्त गरौं तथा आदर्श पथमा अग्रसर हुन किञ्चित सङ्कोच नगरौं । यही बन्धनमुक्तिको मार्ग हो तथा एउटा आदर्श, सफल एवं सार्थक जीवनको पहिचान पनि ।**

मानवीय चेतनाको यो स्वभाव हो कि त्यो प्रत्येक विचार–वस्तुसँग आफ्नो तारतम्य स्थापित गर्न सक्षम छ अर्थात् उसलाई कुनै पनि विषय स्वीकार गर्न अलिकति पनि बेर लाग्दैन । कारण के भने ऊ धेरै समयदेखि अभ्यस्त छ, एउटा निश्चित ढङ्गले काम गर्नका लागि ।

उसको पीडा यो हो कि ऊ कर्ममा त लाग्दछ, तर आफ्नो वास्तविक–स्वभावमा अटल स्थितिमा रहन उसलाई विषय–संयोगले बाधा पुऱ्याउँछन् । उसको महत्ता यसैमा छ कि उसले आफूलाई कुप्रभावहरूबाट रहित पारोस्, चाल–चलनभन्दा पर देख्ने अभ्यस्त बनोस् तथा जीवनलाई बढी रसयुक्त बनाएर साँचो अर्थमा त्यसलाई नवीन बनाओस् ।

जुन दृष्टिकोणले चेतना परिष्कृत हुन्छ, त्यो अरू केही होइन, उसकै गुण–कर्म–स्वभावको परिष्कार हो । यसैलाई हामी आत्मिकीको विकासको प्राथमिक आवश्यकता भन्दछौं । जीवनको यथार्थ–पथ त्यही हो, जसले यस दृष्किोणलाई परिष्कृत गर्दै जाओस् तथा जीवनबाट प्रत्येक किसिमका बन्धन छिनाएर, त्यसलाई स्वच्छ, निर्मल एवं पवित्र पनि बनाउँदै जाओस् ।

जीवन कब बन्धनग्रस्त हुन्छ ? जब उसलाई आफ्नो दिशा थाहा हुँदैन, जब ऊ यसै अन्धकारमा रमण गरिरहेको हुन्छ, उसको प्रतिभाको जागरण कुनै सदुद्देश्य प्राप्तिका लागि भइरहेको हुँदैन । यसका लागि के आवश्यक छ भने हामी बन्धन एवं कुप्रभावहरूबाट मुक्त भएर विरक्ति तथा अनुकूल प्रयोजन बुझेर त्यस दिशातर्फ अघि बढौं ।

जीवनको सत्य–पथ त्यही हो, जुन विवेकको अश्रुधाराबाट निस्कन्छ, जसलाई बनाउन आत्माको धैर्य एवं पुरुषार्थ खर्चिएको हुन्छ, जसले साँचो अर्थमा हामीलाई नवीन बनाउँछ र चालचलनभन्दा पर सत्यको एकाधिकारमा समेट्छ ।

हाम्रो जीवनले कुन महान् दृष्टिकोण अङ्गीकार गरोस् भनेर बुझ्ने हो भने एउटा काम गरौं । केही नबोली एक्लै यथावस्तुमा बसौं । हेरौं, त्यो के हो जसले हामीलाई आफ्नो वास्तविक क्षमता प्रदर्शनबाट रोकिरहेको छ, फेरि उपाय खोजौं कि कुन मार्गबाट अघि बढ्दा जीवनको सच्चा सदुपयोग आफ्नो प्रेरणाको वशवर्ती हुन्छ ।

यथार्थमा जीवन त्यसैको सफल भएको छ, जसले आफ्नो आत्माको दिव्य–संसर्गलाई कौडीको भाउ बेचेन, जो यस सत्यबाट परिचित भयो कि जीवनको एकान्त पथ कसैमाथि निर्भर छैन, त्यसलाई त स्वयंकै दिशाचलनबाट पार गर्न सकिन्छ । जीवनको यो महान् अद्भुत महानता हो कि त्यसलाई अरू केही होइन, एकमात्र सत्यको आशीष तथा प्रेरणाको अनुपुँज चाहिन्छ ।

प्रेरणा जति महान् हुन्छ जीवन त्यतिकै माझिँदै जान्छ । अन्ततः त्यसलाई त्यस सुखसागरमा त्यो पाइन्छ, जसलाई परमात्मा भनिन्छ । त्यसैले पूर्व–तयारी गरौं, सबै कण्टकाकीर्ण परिस्थिति, स्वयंको अनभिज्ञ क्रिया–कृत्यहरूलाई तथा मार्गमा अनेकानेक बाधाहरूलाई पन्छाऔं र यथार्थ पथको अनुसन्धान गरौं ।

बुझौं कि यस जीवनको मूल कहाँ छ र त्यसलाई कसरी सुधार्न सकिन्छ । हाम्रो जीवन तबमात्र विशाल बन्नेछ, जब त्यो आत्मप्रेरणाबाट संयुक्त हुनेछ, त्यसका रीति–नीति, अन्तरङ्गका उत्साह, उमङ्ग तथा दृढताबाट प्रेरित हुन् तथा साँचो अर्थमा त्यो विशुद्ध–प्रज्ञाको वाहन बनोस् ।

जीवनको यस विशाल दृष्टिले साँच्ची कति अद्भुत परिणाम उपस्थित हुन सक्छ यसलाई त कुनै वास्तविक पथिकले नै बुझ्न सक्छ । जीवनको केन्द्रीय रस यस दिव्य भावनामा समाहित छ, जसलाई बुझ्न एवं अङ्गीकार गरेपछि जीवन पूर्णतः नवीन बन्छ, त्यसका सारा कष्ट एवं पीडाहरू क्षणभरमैं समाप्त हुन्छ तथा त्यसको वास्तविक आलोक देखिन थाल्छ ।

जीवनरूपी दिव्य रथलाई तपस्याले तिखारौं, प्रत्येक परिस्थितिका पछाडिको मनःस्थितिको अवलोकन प्राप्त गरौं तथा आदर्श पथमा अग्रसर हुन किञ्चित सङ्कोच नगरौं । यही बन्धनमुक्तिको मार्ग हो तथा एउटा आदर्श, सफल एवं सार्थक जीवनको पहिचान पनि ।

जसले त्यसलाई बुझ्यौ ऊ फेरि नकल गर्दैन, उसलाई आफ्नो आन्तरिक दृढतामा पूर्ण विश्वास हुन्छ तथा जीवन–पथ कण्टकाकीर्ण भए तापनि उसलाई आदर्श एवं दिव्य मानिन्छ ।

हामीले विकासको वास्तविक मार्ग खोज्नुपर्छ । बन्धनलाई गलाएर, स्वयंलाई सम्पूर्णरूपमा जागरुक पारेर तथा आदर्श एवं महान् पथमा हिंड्ने पूर्ण मनले अठोट गर्नुपर्छ ।

जसको जीवन द्वन्द्वमैं अल्झिइरह्यो, उसले आफ्नो आधा शक्ति त यसै गुमाउँछ । यस कारण यस्तो प्रबन्ध हुनुपर्छ कि जीवन कुनै पनि प्रकारले विकार–ग्रस्त नहोस्, उसले बन्धनलाई स्वीकार नगरेर आदर्श–प्रेरणालाई स्वीकार गरोस् तथा उसको वास्तविक विकास–पथ प्रेम एवं अनुकम्पाको सिद्धान्तमा अग्रसर होस् ।

जीवन तबमात्र दिव्य बन्छ, जब त्यो यथार्थ–पथको अनुसङ्गी हुन्छ, अन्यथा जीवनको विराट् सम्पदालाई हामी कसरी निस्तेज प्रयोजनहरूमा, आत्मालाई हनन गर्ने क्रिया–कृत्यहरूमा तथा अदूरदर्शी सोचमुनि आदर्श जीवन–निर्माणको प्रेरणाबाट विलग एउटा निश्चित ढाँचामा चलाइराख्छौं, यो महत्त्वको विषय हो ।

यस पतनलाई रोक्ने हो भने आत्मालाई सुन्न थालौं, उसले बताएको मार्ग पूर्ण निश्चल–मनले ग्रहण गरौं तथा जीवन–निर्माणको प्रयोग–प्रक्रियामा संलग्न बनौं । यही आदर्श जीवनक्रमको तथा आफ्नो आत्मसत्ताको पूजा–अर्चनाको यथार्थ मार्ग हो तथा यसमा हिंडेर जीवन धन्य एवं समृद्ध हुन्छ ।

# जलविद्युत्मा जलवायु परिवर्तनको कहर

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**थामेमा दुईवटा हिमताल विस्फोट भएर बाढी आउँदा विनाश निम्तिएसँगै यसबारे चासो र चिन्ता बाक्लिएको थियो । तर, यो चिन्ता हराएर गएको छ । पुनः अर्को विनाश ननिम्तिएसम्म यो बहस ओझेलमा पर्ने हाम्रो औसत प्रवृत्तिलाई नानीदेखि लागेको बानी मात्र भन्न सकिन्छ ।**

जलवायु परिवर्तका बहुआयामिक असरहरू देखा पर्न थालेका छन् । नेपालमा प्राकृतिक विपत्तिदेखि उत्पादनका अनेक आयामहरूमा यसका प्रतिकूल प्रभाव प्रकट भएका छन् । औसत तापक्रम बढ्दा एकातिर सुक्खा, पानीको स्रोत घट्ने, बेमौसमी वर्षाबाट निम्तिएका बाढी र हिमतालहरू फुटेर विनाश निम्तिएका छन् । अर्कोतिर नेपालको उत्पादनमा सबैभन्दा बढी सम्भाव्य क्षेत्र भनिएको जलविद्युत् उत्पादनमा यसको दुष्प्रभाव देखिन थालेको छ । अधिकांश योजना नदी प्रवाहमा आधारित भएकाले हिउँदमा उत्पादन खुम्चिएर एकतिहाईमा झरेका समाचार सञ्चारमाध्यममा आएका छन् । उत्पादन खुम्चिएपछि यसको चक्रीय प्रभाव उत्पादनका अन्य सरोकारका परेको छ । नेपाल विद्युत् प्राधिकरणले मुलुकलाई लोडसेडिङमुक्त घोषणा गरे पनि पछिल्ला दुई वर्षदेखि औद्योगिक क्षेत्र र करिडरहरूमा अघोषित विद्युत् कटौतिको समस्या चर्किएको छ । दिनमैं सात⁄आठ घण्टासम्म विद्युत् कटौति र ट्रिपिङका कारण औद्योगिक उत्पादन नराम्ररी प्रभावित भइराखेको उद्यमीहरूले बताउँदै आएका छन् । यो आलेख जलवायु परिवर्तनले जलविद्युत् उत्पादनमा उत्पन्न प्रभावमा केन्द्रित छ ।

१० वर्ष अघि नै जलवायु परिवर्तनको असरका कारण नेपालले समृद्धि सपनासँग जोडेर हेर्दै आएको जलविद्युत् विकासमा गम्भीर चुनौती आइपर्ने एक अध्ययनले देखाएको थियो । सन् २०१४ मा एउटा राष्ट्रसङ्घीय निकायको प्रतिवेदनले जलवायु परिवर्तनका कारण तापक्रम बढ्ने र हिउँ पग्लिएर हिमताल विस्फोट हुँदा जलविद्युत्मा प्रतिकूल असर पुग्ने चेतावनी दिएको थियो । त्यस बेला नेपालका २० वटा हिमताल उच्च जोखिममा रहेको र तीमध्ये छवटा अत्यन्तै संवेदनशील रहेको औंल्याइएको थियो ।

सन् २०२० मा अन्तर्राष्टिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको एक अध्ययनले कोशी, गण्डकी, कर्णाली जलाधार क्षेत्रमा ३,६२४ वटा हिमताल पत्ता लगाएको थियो । तीमध्ये दुई हजारभन्दा बढी नेपालमा छन् । यो क्षेत्रका ४७ वटा हिमताल खतरनाक रहेको भनिएको थियो । खतराको सूचीमा रखिएकामध्ये नेपालमा २१, तिब्बतमा २५ र भारतमा एउटा रहेको अध्ययनले औंल्याएको थियो । यसरी पाँच वर्षको अन्तरतालमैं हिमतालको जोखिम उल्लेख्य तरीकाले बढ्नुलाई जलवायु परिवर्तनको असरसँग जोडेर हेरिएको छ ।

हिमाताल विस्फोटबाट हिमाली क्षेत्रको तल्लो क्षेत्रमा बनाइएका जलविद्युत् आयोजनामा खतरा रहने त्यो अध्ययनको निष्कर्ष थियो । जलविद्युत् आयोजनाका संरचना परिवर्तन गर्न सुझाइएको थियो । जलवायु परिवर्तनका कारण हिउँ पग्लिएर हिमतालको खतरासँगै यसबाट पानीको स्रोत सुक्दै जाने र कालान्तरमा पानीको अभावमा जलविद्युत् उत्पादन नै कम हुने चेतावनी दिइएको थियो । अर्कातिर जलवायु परिवर्तनका कारण हिउँदामा वर्षा कम हुने र यसको प्रभाव जलविद्युत्को उत्पादनमा पर्न जाने भनिएकोमा पछिल्ला केही वर्ष हिउँदे वर्षामा कमी आएको छ । त्यतिमात्रै होइन, वर्षात्को चक्र नै प्रभावित भएको छन् । पछिल्ला वर्षहरूमा हिमताल फुटेर विनाश निम्तिएका घटनाहरू बाहिर आइराखेका छन् । चार महीना अघि सोलुखुम्बुको थामेमा दुईवटा हिमताल विस्फोट हुँदा आएको बाढीले विनाश निम्त्याएसँगै यसबारे चासो र चिन्ता बाक्लिएको थियो । तर, यो चिन्ता समय क्रममा हराएर गएको छ । पुनः अर्को विनाश ननिम्तिएसम्म यो बहस ओझेलमा पर्ने हाम्रो औसत प्रवृत्तिलाई नानीदेखि लागेको बानी मात्र भन्न सकिन्छ ।

वर्षात्मा आवश्यकजति पानी नपर्ने र वर्षात् सकिएपछि अविरल वर्षाले भौतिक र मानवीय क्षति निम्त्याउने खालका घटना भएका छन् । बितेको असोजमा आएको बाढीले यस्तै भौतिक र मानवीय विनाश बोकाएर गयो । दुई सयभन्दा बढी मानिसको ज्यान गयो । हजारौं विस्थापित भए, अर्बौं रुपियाँ बराबरको भौतिक क्षति भयो । त्यसको केही अगाडि कञ्चनपुरमा भएको इतिहासकै भारी वर्षा र सिमलताल पहिरोजस्ता घटनालाई पर्यावरणीय असरसँग जोडेर हेरिएको छ । असोज पहिलो साताको बाढीले सबैभन्दा ठूलो उत्पादन क्षमताको माथिल्लो तामाकोशी भत्किएर उत्पादन घटेपछि अहिले विद्युत् कटौती झन् चर्किएको अवस्था छ । सरकारले त्यो आयोजना समयमा मरम्मत गर्न सकेको छैन । अहिले आधा माघ नबित्दै तापक्रम बढ्न थालेको समाचारहरू आएका छन् ।

सम्भाव्य उत्पादन क्षमता ४० हजार मेगावाट भनिए पनि अहिले नेपालको विद्युत् जडान क्षमता ३४०० मेगावाट छ । अहिलको उच्च माग १,८०० मेगावाट छ । वर्षायामका चार⁄पाँच महीना पूर्ण क्षमतामा उत्पादन हुँदा विद्युत् खेर जाने अवस्था छ । हिउँदमा एकतिहाई परिमाण भारतबाट आयात हुनेमा यो वर्ष भारतले रातिको समयमा मात्रै दिएको छ । यसले गर्दा आपूर्तिमा समस्या भएको छ । भार व्यवस्थापन मिलाउन उद्योगमा कटौती गरिएको प्राधिकरणका अधिकारीहरूको भनाइ छ । विद्युत्को माग र आपूर्तिमा चरम असन्तुलन छ । अधिकांश आयोजना नदीको जलप्रवाहमा निर्भर भएकाले मौसमी उतारचढावले समस्या निम्त्याउने विभिन्न अध्ययनहरूले देखाएका छन् ।

विश्व मौसम सङ्गठनले नेपालमा केही वर्ष यता सुक्खा हिउँदको प्रक्षेपण गरेको थियो । हिउँद महीनामा करीब ६० मिलिमिटर वर्षा हुनुपर्नेमा २०८० को हिउँदमा १२.५ मिलिमिटर मात्र वर्षा भएको थियो । त्यसको अघिल्लो वर्ष २०७९ सालमा १५ मिलिलिटरमात्रै वर्षा भएको थियो । हिउँदमा परेका यस प्रकारको चरम सुक्खाका कारण पानीका स्रोत सुक्दै गएका छन् । पछिल्ला वर्षहरूमा औसत तापक्रम बढिरहेको र हिउँदमा सुक्खाको समस्या देखिएकाले यसको सीधा असर जलविद्युत् उत्पादनको क्षेत्रमा पर्न गएको सरोकार पक्षले बताउन थालेका छन् । ऊर्जा उत्पादकहरूको कुरा पत्याउने हो भने सुक्खा मौसममा उत्पादन क्षमताको कम्तीमा ३० प्रतिशत उत्पादन हुनुपर्नेमा विगत आधा दशकयता कुनैकुनै आयोजना त क्षमताको १० प्रतिशतभन्दा पनि कम उत्पादनमा खुम्चिएका छन् । बर्सेनि पाँचदेखि सात प्रतिशतसम्म उत्पादन घटेको देखिन्छ । १० मेगावाटभन्दा बढी क्षमताका आयोजनामा ३० प्रतिशतभन्दा कम उत्पादन वा त्योभन्दा कम आपूर्ति भएको अवस्थामा उत्पादकले विद्युत् खरीद सम्झौता अनुसार नेपाल विद्युत् प्राधिकरणलाई जरीबाना नै तिर्नुपर्दछ । यो चैत–वैशाखमा क्षमताको २० प्रतिशत जतिमा उत्पादन खुम्चिने अनुमान नेपाल विद्युत् प्राधिकरणको छ ।

प्राधिकरण नेतृत्व अहिले जलविद्युत् उत्पादनमा देखिएको समस्यालाई जलवायु परिवर्तनको असरसँग जोडेर हेर्न तयार छैन । यता अहिले उत्पादकहरूको सरोकार त्यो जरीबाना तिर्न नपरोस् भन्नेमा केन्द्रित भए पनि यो अवस्था भनेको हामीले लक्ष्यमा राखेका ऊर्जा विकास र यसको आधारमा आर्जन गर्ने भनिएको आयको अवरोध हो । उत्पादनहरूले जरीबानाको सरोकारलाई मात्र ध्यानमा राख्ने र प्राधिकरणले विषयान्तर मात्रै गर्दै जाने हो भने यो समस्याको गम्भीरता ओझेलमा पर्न जान्छ । यसबाट नेपालले ठूलो मूल्य चुकाउनुपर्ने अवस्था नआउनेमा ढुक्क हुने स्थिति छैन ।

# स्वास्थ्य क्षेत्रमा भारतको प्रगतिबाट विश्वलाई लाभ

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**पश्चिमा मुलुकहरूमा उत्पादन हुने महँगा औषधि सस्तो मूल्यमा उत्पादन गरी एशियाली तथा अफ्रिकन मुलुकमा आपूर्ति गर्न भारतले ठूलो योगदान गर्दै आएको छ । उपचार खर्च सस्तो भएर पनि धेरै विकसित मुलुकबाट भारतमा उपचार गराउन बिरामीहरू आउने गरेका छन् ।**

भारत अहिले विश्वमा सर्वाधिक जनसङ्ख्या भएको देश हो । यसबाहेक विश्वको पाँचौं ठूलो अर्थतन्त्र, चौथो ठूलो सैन्यशक्ति र विज्ञान, सूचना, विधि, अन्तरिक्ष अनुसन्धानलगायत क्षेत्रमा प्राप्त गरेको उपलब्धिले विश्वमैं चर्चित छ । चिकित्सा विज्ञानको क्षेत्रमा पनि भारतको स्थान विश्वमैं अग्रणी रहेको छ । औषधि उत्पादन होस् वा भ्याक्सिन अन्वेषण, उत्पादन र वितरण भारत संसारमैं अग्रणी छ । कोभिड–१९ को महामारीको बेला कोभिशिल्डजस्ता प्रभावकारी भ्याक्सिन उत्पादन गरी भारतले महामारीविरुद्ध श्याबासी कमाएको छ । भारतमा सस्तो र सफल उपचारका लागि नेपाल मात्र होइन, दक्षिण एशियासहित एशियाका दर्जनौं देशका नागरिक आउने गरेका छन् । भारतका ठूला अस्पतालमा नेपालसहित श्रीलङ्का, भूटान, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान, इरानलगायत देशका नागरिकले उपचार गराइरहेको सजिलै देख्न सकिन्छ ।

केही अघिसम्म सामान्य रोगको उपचारको लागि पनि भारतका अस्पताल धाउनुपर्ने हाम्रो बाध्यता थियो । सीमावर्ती भारतीय शहरहरू सिलिगुडी, कोलकाता, दरभङ्गा, सीतामढी, पटना, मोतीहारी, बेतिया, गोरखपुर, वाराणसी, दिल्ली, कानपुरमा नेपालीहरू उपचार गराउन जान्थे । अचेल नेपालमा नै विशिष्टीकृत सेवा दिने अस्पताल खुलेका छन् । अधिकांश नेपाली स्वदेशमैं उपचार गराउँछन् । यहाँसम्म कि सीमावर्ती क्षेत्रका भारतीय नागरिक नै बरु उपचार गराउन नेपाल आउने गरेका छन् । खासगरी आँखाका रोगीहरू बढी हुन्छन् ।

नेपालमा स्वास्थ्य उपचारको सुविधा राम्रो नभएको बेला भारतले वीर अस्पताल निर्माणमा सहयोग गऱ्यो । भारतकै सहयोगमा धरान अस्पताल निर्माण भएको हो । वीर अस्पताल परिसरमा नवनिर्मित सुविधासम्पन्न ट्रमा सेन्टरको उद्घाटन केही वर्ष अघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका थिए ।

पश्चिमा मुलुकहरूमा उत्पादन हुने महँगा औषधि सस्तो मूल्यमा उत्पादन गरी एशियाली तथा अफ्रिकन मुलुकमा समेत सस्तो मूल्यमा आपूर्ति गर्न भारतले ठूलो योगदान गर्दै आएको छ । उपचार खर्च सस्तो भएर पनि धेरै विकसित मुलुकबाट भारतमा उपचार गराउन बिरामीहरू आउने गरेका छन् ।

भारतले विश्व व्यापार सङ्गठनका सम्झौताका लचिलो नियम उपभोग गरेर सस्ता जेनेटिक औषधि उत्पदन गरी विश्वभरि पुऱ्याउँदै आएको कारण 'विश्वको फर्मेसी' नामले ख्याति कमाएको छ । भारतले मधुमेह, एचआइभी एड्स, क्यान्सर र अन्य गम्भीर रोगको औषधि सुलभ बनाएको छ । कोभिड–१९ को विश्वव्यापी सङ्कटका बेला भारतले रेमेडेसियर, पारासिटामोल, मास्क, ग्लब्स, पिपिई सेट र उपचारका क्रममा आवश्यक अन्य स्वास्थ्य सामग्री नेपालसहित कतिपय छिमेकी देशहरूलाई अनुदानमा उपलब्ध गराएको थियो । कोभिड–१९ को सङ्क्रमणका बेला भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सार्कका सदस्य राष्ट्रहरूसँग सम्पर्क र संवाद विकसित गरी सङ्कटको घडीमा कसरी मिलेर अगाडि बढ्न सकिन्छ र के कस्तो सहयोग गर्न सकिन्छ भन्ने वातावरण विकसित गरेका थिए ।

भरपर्दो, सटीक र स्तरीय भ्याक्सिन निर्माण गर्न भारतका वैज्ञानिक, चिकित्सक र अनुसन्धानकर्ताहरूले सफलता प्राप्त गरेका थिए । भारतको सिरम इन्स्टिच्युटले उत्पादन गरेको कोरोनाविरुद्ध खोप कोभिशिल्ड भारतले नेपालसहित माल्दीप्स, श्रीलङ्का, बङ्गलादेश, म्यान्मा, श्रीलङ्का, भूटान र अफगानिस्तानलाई अनुदानमा उपलब्ध गराएर मानवीयताको दृष्टिले मात्र होइन, सङ्कटको बेला सहयोग पुऱ्याएर असल छिमेकीको परिचय दिएको थियो ।

सन् २०२० को संयुक्त राष्ट्रसङ्घीय महासभामा भारतका प्रधानमन्त्री मोदीले मानवीय सङ्कट सामना गर्न भ्याक्सिन उत्पादन र वितरण क्षमताको उपयोग गर्ने घोषणा गरेका थिए । गुणस्तरीय र सस्तो भएका कारण भारतको भ्याक्सिन कोभ्याक्स र कोभिशिल्डको माग विश्वव्यापीरूपमा बढेको थियो ।

अहिले बहुविधागत विशेषज्ञ सेवा प्रदान गर्ने भारतको मेदान्त अस्पताल विश्वस्तरकै सुविधासम्पन्न अस्पतालको रूपमा प्रसिद्ध छ । मेदान्त अस्पताललाई अमेरिकाको प्रसिद्ध न्यूजविक पत्रिकाले विश्वका २५० वटा सर्वोत्कृष्ट अस्पतालमध्ये एक घोषित गरेको छ । नेपालबाट दिल्ली उपचार गराउन जाने बिरामीहरूलाई कुनै–कुनै अस्पतालमा विदेशीसरह व्यवहार गरिन्थ्यो । तर नेपालका एकजना तत्कालीन राजदूतले मेदान्तलगायत ठूला अस्पतालका प्रमुखसँग भेट गरी नेपालीलाई सन् १९५० को सन्धिबमोजिम पारस्परिकता (रेसिप्रोइल) का आधारमा व्यवहार गर्नुपर्ने साध्य गराए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनको विषयमा वार्ताका लागि रूस तयार

मस्को, १२ माघ/एएफपी

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनबारे वार्ताका लागि मस्को तयार रहेको बताएका छन् ।

नेता पुटिनले भने–"हामीले जहिले



पनि यो कुरा भन्दै आएका छौं र म फेरि एकपटक यसमा जोड दिन चाहन्छु, हामी युक्रेनको विषयमा वार्ताका लागि तयार छौं ।"

राष्ट्रपति पुटिनले केही विषयमा विशेष ध्यान दिन आवश्यक रहेको बताउँदै भने–"प्रतिबन्धित भइसकेको अवस्थामा अब वार्ता कसरी शुरू गर्न सकिन्छ ?" वार्ताका लागि पहिले प्रतिबन्ध फुक्नु आवश्यक छ । "यदि वार्ता पुनः शुरू भयो भने युक्रेनको वर्तमान कानूनी ढाँचा अन्तर्गत यो अवैध हुनेछ ।"

उनले भने–"जबसम्म यो आदेश जारी रहन्छ, तबसम्म यी वार्ताहरू शुरू गर्न सकिन्छ कि सकिँदैन वा ती सही तरीकाले पूरा गर्न सकिन्छ भन्ने विश्वास मलाई छैन । त्यसैले वार्ताका लागि वातावरण बनाउन पहिले अर्को चरणको छलफल जरुरी छ ।"

उनले भने–"युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यस अघि रूससँग वार्ता निषेध गर्ने आदेश जारी गर्नुभएको थियो । के यो अवस्थामा वार्ता सम्भव छ ।"

उनले केही प्रारम्भिक छलफल हुन सक्ने भए पनि युक्रेनी पक्षबाट विद्यमान प्रतिबन्धका कारण गम्भीर वार्ता गर्न कठिन हुने बताए ।

रूसी नेताले जेलेन्स्कीलाई वार्तामा प्रतिबन्ध लगाउने आदेश हटाउन र आफ्ना प्रायोजकहरूको आदेश पालना गर्न कुनै हतार नभएको बताएका छन् । उनले किएभलाई आर्थिक सहयोग गर्नेहरूले युक्रेनी नेतालाई वार्ताको वातावरण तयार पार्न दबाब दिनुपर्ने बताए ।

विश्व आर्थिक मञ्च (डब्लुइएफ) को डाभोसमा बिहीवार आयोजित वार्षिक बैठकलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूस र युक्रेनबीच शान्ति सम्झौताका लागि अमेरिकी प्रयास 'आशाजनकरूपमा अघि बढेको' बताएका छन् । रासस

## अमेरिकासँग व्यापार युद्ध नहुने –मेक्सिको

मेक्सिको सिटी, १२ माघ /एएफपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मेक्सिकोसँग व्यापारका विषयमा दिएको टिप्पणीपछि मेक्सिकोकी राष्ट्रपति क्लाउडिया शेनबामले अमेरिकासँग कुनै व्यापार युद्ध नहुने बताएकी छन् ।

"शेनबामले नियमित पत्रकार सम्मेलनमा भनिन्–"म व्यापार युद्ध देख्दिनाँ । अमेरिकी राष्ट्रपतिले हिजो मेक्सिकोबारे फरक तरीकाले बोल्नुभएको छ ।"

विश्व आर्थिक मञ्च (डाभोस)मा बिहीवार एक प्रश्नको जवाफ दिंदै ट्रम्पले भनेका थिए–"हामी मेक्सिकोसँग राम्रो व्यवहार गरिरहेका छौं । हामी न्यायोचित व्यवहार गर्न चाहन्छौं ।"

यस अघि अमेरिकी राष्ट्रपति ट्रम्पले फेब्रुअरी १ देखि मेक्सिकोबाट हुने आयातमा २५ प्रतिशत कर लगाउने चेतावनी दिएका थिए ।

शेनबामले वाशिङ्टनसँगको सहकार्य मजबूत बनाउन र फेन्टानिलको वितरण र आप्रवासनजस्ता केही प्राथमिकताका विषयमा ट्रम्पसँग मिलेर काम गर्ने इच्छा पनि व्यक्त गरिन् ।

ट्रम्पले पदभार ग्रहण गरेदेखि नै सामूहिक निर्वासनमार्फत आप्रवासी विरोधी उपाय बलियो बनाउन विभिन्न कार्यकारी आदेशहरूमा हस्ताक्षर गरेका छन् ।

यसको जवाफमा, मेक्सिको



सरकारले सीमामा आप्रवासी नियन्त्रण केन्द्रहरू स्थापना गऱ्यो र निर्वासितहरूको लागि व्यापक निगरानी राख्न 'मेक्सिकोले अमेरिकी अधिकारीसँग काँधमा काँध मिलाएर अघि बढ्ने' कार्यक्रमको घोषणा गरेको छ । रासस

## इजरायली चार बन्धक रिहा, बदलामा २०० प्यालेस्टिनी रिहा

गाजा सिटी, १२ माघ/एएफपी



प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास)ले शनिवारको कैदी आदानप्रदान कार्यक्रम अन्तर्गत चारजना इजरायली महिला बन्धकलाई रिहा गरेको छ ।

बन्धकहरूलाई सुपुर्दगी गरिएको गाजाको एक चोकमा रेडक्रसका चारवटा गाडीमा इजरायलतर्फबाट करीब २०० प्यालेस्टिनीलाई ल्याइ उनीहरू र चार इजरायली बन्धक महिलाको आदानप्रदान गरिएको एएफपीका एक संवाददाताले बताएका छन् ।

इजरायली बन्धक र बेपत्ता परिवार फोरमका अनुसार रिहा हुनेमा करिना एरिभ, डानिएला गिल्बोआ, नामा लेवी र लिरी अल्बाग रहेका छन् ।

कैदमा रहँदा अल्बाग १९ वर्षकी भइन् भने अन्य सबै २० वर्षभन्दा माथिका इजरायली महिला हुन् ।

गाजामा हमाससँग भएको युद्धविराम सम्झौता अन्तर्गत इजरायली जेलमा आजीवन कारावासको सजाय काटिरहेका १२० सहित २०० प्यालेस्टिनी कैदीको बदलामा चारजना इजरायली बन्धक सैनिकलाई मुक्त गरिएको प्यालेस्टिनी स्रोतले जनाएको छ ।

यस विषयमा सार्वजनिकरूपमा बोल्ने अधिकार आफूलाई नभएको बताउँदै नाम नबताउने शर्तमा स्रोतले भन्यो, "यी कैदीहरूमध्ये १२० जना आजीवन कारावासको सजाय काटिरहेका छन् । रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | ईश्वरभक्ति | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | कडापरिश्रम |
| सिंह | चोरभय | कन्या | भयचिन्ता |
| तुला | विजय | वृश्चिक | धनखति |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | मनोरञ्जन | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## भारतको महावाणिज्य दूतावास वीरगंज (नेपाल)



देवी सहाय मीणा
महावाणिज्यदूत

भारतको ७६औं गणतन्त्र दिवसको शुभ अवसरमा म, वीरगंजस्थित भारतको महावाणिज्य दूतावासको तर्फबाट नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । विगत एक वर्षमा महावाणिज्य दूतावासले विभिन्न स्थानीय संस्थाहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आएको छ । नेपाल–भारत सांस्कृतिक उत्सव, नेपाल–भारतमैत्री क्रिकेट मैच, एक शाम लता मङ्गेशकर के नाम, ओडिसी एवं कत्थक नृत्य प्रदर्शन, जनजातीय सांस्कृतिक उत्सव, भारत–नेपाल पर्यटन विकास सेमिनार, अन्तर्राष्ट्रिय योग दिवस आदि जस्ता धेरै कार्यक्रम आयोजना गरिए । महावाणिज्य दूतावासले अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, आयुर्वेद दिवस, विश्व हिन्दी दिवस आदि जस्ता महत्त्वपूर्ण अवसरहरू मनाउन उपयुक्त कार्यक्रमहरू पनि आयोजना गऱ्यो, जसमा राम्रो सङ्ख्यामा मानिसहरूको उपस्थिति थियो । भारतीय महावाणिज्य दूतावास यी कार्यक्रमहरूमा भाग लिने र सफल बनाउने सबैलाई धन्यवाद दिन चाहन्छ । वातावरण संरक्षणप्रति जनचेतना बढाउने उद्देश्यले महावाणिज्य दूतावासद्वारा विभिन्न स्थानीय संस्था, गैरसरकारी संस्था, विद्यालय आदिहरूसँगको सहकार्यमा धेरै वृक्षारोपण अभियान आयोजना गरिए ।

भारत सरकार नेपालका नागरिकहरूलाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने, नदी तटबन्ध निर्माण, एकीकृत जाँच चौकी, रेलवे कनेक्टिभिटी जस्ता क्षेत्रमा सहयोग र सहायता प्रदान गर्न प्रतिबद्ध छ ।

दुई देशबीचको द्विपक्षीय व्यापार विकास र सहजीकरण गर्न महावाणिज्य दूतावासले विभिन्न सरोकारवालाहरूसँग मिलेर काम गर्दछ । द्विपक्षीय सम्बन्धलाई अझ अगाडि बढाउन दुई देशबीच नियमित उच्चस्तरीय आदानप्रदान हुँदै आएको छ । यी बैठकहरूमा दुवै पक्षले दुई देशबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई पुनः पुष्टि गरे, जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यता र नागरिकबीचको सम्बन्धमा गहिरोरूपमा बसेको छ । हालैका वर्षहरूमा द्विपक्षीय सहयोगमा उल्लेखनीय प्रगति भएको छ, विशेषगरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरूमा–भौतिक, डिजिटल, ऊर्जा साथै नागरिकबीचको सम्बन्ध, जसमा सडक, पुल, एकीकृत जाँच चौकी, सीमापार रेलवेका साथै पेट्रोलियम पाइपलाइनसँग सम्बन्धित पूर्वाधार परियोजनाहरूको निरन्तर कार्यान्वयनमा प्रकट हुन्छ ।

जनवरी २०२४ मा भारतका माननीय विदेशमन्त्री डा एस जयशङ्करज्यूको नेपाल भ्रमणको क्रममा भारत र नेपालबीच दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर भएको थियो । समझदारीपत्र अन्तर्गत १० वर्षको समयसीमाभित्र नेपालबाट भारतमा विद्युत् निर्यातको मात्रा १०,००० मेगावाट पुऱ्याउने र यस उद्देश्यका लागि नेपालको जलविद्युत् उत्पादन क्षेत्र र प्रसारण पूर्वाधारमा पारस्परिकरूपमा लाभदायक लगानी प्रोत्साहन गर्न आवश्यक सबै उपाय अपनाइनेछन् भन्ने कुरा सहमति भएको छ ।

हालैका वर्षहरूमा दुई देशबीच ऊर्जा सम्पर्क बढाउन महत्त्वपूर्ण कदमहरू चालिएका छन्, जसमा तीन नयाँ १३२ केभी सीमापार प्रसारणलाइनको उद्घाटन, नवीकरणीय ऊर्जामा सहयोगको लागि NEA र NTPC बीच समझदारीपत्रमा हस्ताक्षर, मोतिहारी–अमलेखगंज पाइपलाइनको दोस्रो चरणको शिलान्यास आदि रहेका छन् । विगत दुई/तीन वर्षमा नेपालको जलविद्युत् निर्यात भारतमा धेरै गुणाले बढेको छ, जसले नेपालको लागि राजस्वको अतिरिक्त स्रोत सिर्जना गरेको छ । नेपालले अहिले भारतमा लगभग १००० मेगावाट बिजुली निर्यात गर्दछ । गत आर्थिक वर्ष २०२३/२४ मा नेपाल भारतमा बिजुलीको शुद्ध निर्यातकर्ता बनेको थियो र नेपालले भारतमा गरेको बिजुलीको निर्यात, आयातभन्दा लगभग १३४ मिलियन रुपैयाँ बढी थियो । नेपाल, भारत र बङ्गलादेशबीच हस्ताक्षर भएको त्रिपक्षीय विद्युत् व्यापार सम्झौता पनि १५ नोभेम्बर २०२४ मा लागू भयो, जस अन्तर्गत नेपालले पहिलोपटक भारतीय ग्रीडमार्फत बङ्गलादेशमा ४० मेगावाट बिजुली निर्यात गऱ्यो ।

गहुँ निर्यातमा प्रतिबन्ध लागे पनि भारत हालै नेपाललाई २,००,००० टन गहुँ निर्यात गर्न सहमत भएको छ । गत मनसुनमा बाढी र पहिरोका कारण अवरुद्ध सडक सम्पर्क पुनर्स्थापित गर्न नेपालको पुनर्निर्माण प्रयासलाई सहयोग गर्न भारत सरकारले हालै नेपाल सरकारलाई ३८ करोड रुपैयाँभन्दा बढी मूल्यका १० वटा पूर्वनिर्मित स्टील पुलहरू प्रदान गरेको छ । यसका साथै, भारतले बाढी र पहिरोबाट प्रभावित परिवारहरूलाई २५ टनभन्दा बढी मानवीय सहायता पनि प्रदान गऱ्यो ।

भारत र नेपालबीचको सम्बन्ध संसारमैं अद्वितीय छ । भारत र नेपालबीच सांस्कृतिक, धार्मिक र सामाजिक परम्पराहरू साझा छन् । प्राचीनकालदेखि नै दुई देशबीच गहिरो मैत्रीपूर्ण सम्बन्ध रहेको छ । हाम्रा साझा परम्पराहरूले दुई देशका जनतालाई बलियोसँग बाँधेका छन् ।

भारत–नेपाल संयुक्त सैन्य अभ्यास, "सूर्य किरण"को १८औं संस्करण हालै नेपालको सालझण्डीमा सम्पन्न भयो । यस अभ्यासको क्रममा दुवै देशका सेनाले आतङ्कवादविरोधी युद्ध अभ्यास प्रदर्शन गरे, र अन्तरसञ्चालनशीलता र पारस्परिक समझदारी बढाए ।

महावाणिज्य दूतावासले नेपाल र भारतका सीमावर्ती जिल्लाहरूबीचको सामयिक चासोका मुद्दाहरूमा समन्वय समितिका बैठकहरू आयोजना गर्न सहयोग गर्नुका साथै सीमापार सवारीसाधनहरूको सहज आवागमनको लागि निजी र मालवाहक सवारीसाधनहरूलाई अनुमतिपत्र पनि जारी गर्दछ ।

भारत र नेपालबीचको व्यावसायिक र आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउन महावाणिज्य दूतावास प्रतिबद्ध छ । भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हुनुका साथै पर्यटक र लगानीको सबैभन्दा ठूलो स्रोत पनि हो । भारतले आफ्नो "छिमेकी पहिलो" नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई उच्च महत्त्व प्रदान गर्दछ र विभिन्न पहलहरूमार्फत नेपाललाई सहयोग गरिरहनेछ । दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन दूतावास सधैं मिलेर काम गर्न तत्पर छ ।

जय हिन्द !
वीरगंज (नेपाल)
२६ जनवरी, २०२५

## कानू समाजको महानगर तदर्थ समिति गठन

प्रस, वीरगंज, १२ माघ/

कानू समाजको वीरगंजमा महानगर तदर्थ समिति गठन गरिएको छ । शनिवार राधेमाई मन्दिरको प्राङ्गणमा केन्द्रीय अध्यक्ष किशोरीप्रसाद कानूको अध्यक्षतामा सम्पन्न बैठकले १५ सदस्यीय तदर्थ समिति गठन गरेको हो । समितिमा तीनजना सल्लाहकार पनि चयन भएका छन् ।

महानगर समितिको अध्यक्षमा सुन्दर साह कानू सर्वसम्मत चयन भएका छन् । उपाध्यक्ष लालबाबू साह, सचिव ओमप्रकाश कानू, कोषाध्यक्ष सीताराम साह कानू, सहसचिवमा विमला गुप्तालगायत सदस्यहरू चयन भएका छन् ।

२०६६ सालमा स्थापना भएको कानू समाजले स्वजातीय समुदायको उत्थानका लागि विभिन्न सामाजिक कार्यहरू गर्दै आएको संस्थापक अध्यक्ष हरिहरप्रसाद साहले बताए ।



कार्यक्रममा केन्द्रीय अध्यक्ष किशोरी साह कानू, उपाध्यक्ष मदनप्रसाद कानू, महासचिव किशोरीलाल प्रसाद, सचिव हरिहरप्रसाद साहलगायतको सहभागिता थियो ।

कानू समाजले सामाजिक हितका गतिविधिहरूलाई निरन्तरता दिने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।

WARM WISHES
FROM
Pristine Valley Dryport Pvt Ltd
Sirsiya Drypot, ICD Birgunj, Parsa, Nepal
ON THE OCCASION OF
India's 76th Repulic Day

## क्लबको उद्घाटन, रक्तदान

प्रस, वीरगंज, १२ माघ/

तत्वा समाज युवा क्लबले शनिवार वीरगंज महानगर–२१ परवानीपुर बजामा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

तत्वा समाज युवा क्लबको कार्यालय र रक्तदान कार्यक्रमको अध्यक्ष बुनिलाल महतोले संयुक्तरूपमा उद्घाटन गरेका थिए ।

कार्यक्रममा राजकिशोर महतो, अशोक तत्वा, सोहेल मियाँ, जैकी साह, शिला देवी, सोना देवी, सीमा देवी, तेतरी देवी, सेराजुल आलम, नरेश महतो गरी पाँचजना महिलासहित ५२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।



शनिवार बिहान वीरगंजको घण्टाघर चोक । बाक्लो हुस्सुको कारण घण्टाघरसमेत ओझेलमा परेको छ । तस्वीरः नितेश कर्ण/प्रतीक

# जाडो मेलामा विद्यार्थी र अभिभावक उत्साहित

प्रस, परवानीपुर, १२ माघ/

दिल्ली पब्लिक स्कूलको आयोजनामा एक दिने जाडो मेला सम्पन्न भएको छ । बारा, परवानीपुर-४ चैनपुरस्थित विद्यालय परिसरमा आयोजित कार्यक्रमको उद्घाटन परवानीपुर गापाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह



तस्वीरः प्रतीक

रौनियारले गरेका थिए । मेलामा विद्यार्थी तथा अभिभावक मिलेर विभिन्न स्टलसमेत सञ्चालन गरेका थिए । कक्षा १२ उत्तीर्ण भएपछि कमाउने र पढ्ने अभिप्रायले स्टार्टअप व्यवसायको अवधारणा विद्यार्थीमा स्थापना गर्न यस्तो कार्यक्रम आयोजना गरिएको विद्यालयका बिजनेश हेड गर्ली अग्रवालले बताइन् ।

कार्यक्रममा प्रप्रअ रौनियारले विद्यालयमा यस्तो अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको चौतर्फी विकासमा टेवा पुग्ने धारणा व्यक्त गरे ।

विद्यालयका प्रधानाध्यापक रञ्जीव आनन्दको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका महासचिव आशिष लाठ, जीतपुरसिमरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्मा लामिछाने, उपाध्यक्ष गजेन्द्र गुप्ता, सिजी इजुकेशनकी मार्केटिङ हेड सरला खड्कालगायत सञ्चारकर्मीहरूको सहभागिता थियो ।

मेलामा करीब ४५ वटा स्टल राखिएका थिए भने विद्यार्थीहरूले विभिन्न साङ्गीतिक प्रस्तुति दिएर दर्शकहरूलाई झुमाएका थिए । मेलामा पर्सा र बाराका विभिन्न विद्यालयका विद्यार्थीहरूको पनि सहभागिता थियो ।

# वैश्य महासङ्घ पर्साको अध्यक्षमा डा साह



प्रस, वीरगंज, १२ माघ/

राष्ट्रिय वैश्य महासङ्घ नेपाल पर्सा जिल्ला कार्यसमिति गठन भएको छ । कलवार कल्याण धर्मशालामा शनिवार बजरङ्गी साहको अध्यक्षतामा भएको भेलाले डा सन्तोषकुमार साहको अध्यक्षतामा २५ सदस्यीय जिल्ला कार्यसमिति चयन भएको हो । समितिको वरिष्ठ उपाध्यक्ष प्रेमचन्द्र चौरसिया, उपाध्यक्षहरू राजेन्द्रप्रसाद गुप्ता, जवाहरप्रसाद गुप्ता, महिला उपाध्यक्ष विमला गुप्ता, महासचिव अनिलकुमार सर्राफ, सचिवहरू रामपुकार पण्डित, सञ्जय साह गोढ, जयप्रकाश नायक, कोषाध्यक्ष मोतीलाल साहलगायत छन् ।

नयाँ कार्यसमितिका पदाधिकारी, सदस्यहरूको आजै शपथ ग्रहण गराइएको थियो । कार्यक्रममा प्रमुख अतिथि तेली समाजका अध्यक्ष विश्वनाथ साहले वैश्य समुदायलाई एकताबद्ध भएर अगाडि बढ्न आग्रह गरे । उनले जातीय पहिचानलाई हटाएर वैश्य समाजको सामूहिक पहिचान स्थापित गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल बुद्धिजीवी परिषद्का प्रदेश अध्यक्ष शम्भुप्रसाद गुप्ताले वैश्य समाजमा नोट र भोट दुवै भएपनि एकताको अभाव भएकै कारण समाज पछि परेको तर्क गरे ।

कलवार कल्याण समाजका जिल्ला अध्यक्ष शम्भुप्रसाद कलवारले वैश्य समाज व्यापार र व्यवसाय क्षेत्रमा सक्रिय भएपनि राजनीतिक क्षेत्रमा पनि प्रभाव जमाउनुपर्ने बताए । तेली समाज नेपाल पर्साका अध्यक्ष ध्रुव साहले वैश्य समाज आर्थिक तथा सामाजिक क्षेत्रमा सक्रिय भएपनि राजनीतिमा कमजोर भएको बताए ।

कार्यक्रममा चौरसिया कल्याण समाजका अध्यक्ष रामाकान्त चौरसिया, तुरहा समाजका केन्द्रीय सल्लाहकार जयप्रकाश तुरहा, डा अशोक दास, संविधानसभा सदस्य प्रमोद गुप्ता, कानु समाजका अध्यक्ष किशोरीप्रसाद कानूलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण असर्फी साहले गरेका थिए ।






# खेलकूदको संसार

## प्रधानमन्त्री कप क्रिकेटः एपिएफ विजयी

फाप्ला (कैलाली), १२ माघ/रासस

धनगढीमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय टी–२० क्रिकेट प्रतियोगिताको उपाधि एपिएफ क्लबले जितेको छ । शनिवार सम्पन्न फाइनल खेलमा घरेलु टोली सुदूरपश्चिम प्रदेशमाथि नौ विकेटको जीत निकाल्दै एपिएफले उपाधि हात पारेको हो ।

योसँगै एपिएफले लगातार दोस्रोपटक उपाधि जितेको हो । उपाधिसँगै एपिएफले रु पाँच लाख पुरस्कार पाएको छ भने सुदूरपश्चिम उपविजेता हुँदै रु तीन लाख हात पार्यो ।




जीतका लागि पाएको ६८ रनको विजयी लक्ष्य एपिएफले १२ दशमलव पाँच ओभरमा एक विकेटको क्षतिमा पूरा गर्यो । एपिएफकी ममता चौधरीले अविजित ४३, कप्तान इन्दु बर्माले नटआउट १८ रन जोडे ।

यस अघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिम १८ दशमलव एक ओभरमा ६७ रनमा समेटियो । जसमा ममता बोहराले १८ र कप्तान बिन्दु रावलले १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बलिङतर्फ एपिएफका कविता जोशीले तीन, कप्तान इन्दु बर्मा र सबनम राईले दुई/दुई विकेट हात पारे । कविता 'प्लेयर अफ दी म्याच' चुनिएका छिन् । यसैबीच, प्रतियोगिताभर व्यक्तिगत १७२ रन र पाँच विकेट हात पारेकी एपिएफकी कप्तान बर्मा 'प्लेयर अफ दी सिरिज' भएकी हुन् ।

एपिएफका लागि २०९ रन बनाएकी ममता चौधरी बेस्ट ब्याटर र बाग्मतीका लागि १० विकेट हात पारेकी मनीषा उपाध्याय बेस्ट बलर हुन सफल भइन् । प्लेयर अफ दी सिरिजले रु ५० हजार, बेस्ट ब्याटर र बेस्ट बलरले रु २५/२५ हजार पुरस्कार पाएका छन् ।

यही माघ १ गतेदेखि शुरू भएको प्रतियोगितामा १२ टोलीको सहभागिता थियो । राष्ट्रिय खेलकूद परिषद्को कार्यक्रम अनुसार नेपाल क्रिकेट सङ्घको आयोजना र सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा प्रतियोगिता सञ्चालन भएको हो ।

फाइनल खेलपछि आयोजित समारोहमा नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द, उपाध्यक्ष रोशन सिंह, सुदूरपश्चिम खेलकूद परिषद्का सदस्यसचिव दीपकबहादुर सिंह, सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष वासुदेव जोशीलगायत खेलाडीहरूको सहभागिता थियो ।

## दोस्रो कोइलाभारमाई नकआउट फूटबल प्रतियोगिता शुरू

बलिराम शुक्ला, बडनिहार, १२ माघ/

पर्सागढी नगरपालिका–१ कोइलाभारमाई खेलमैदानमा शनिवारदेखि दोस्रो कोइलाभारमाई नकआउट फूटबल प्रतियोगिता शुरू भएको छ ।

'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद' नारासहित कोइलाभारमाई युवा क्लब मनवाद्वारा सञ्चालित प्रतियोगिताको पर्सागढी नगरपालिकाका उपप्रमुख पूजा चौधरीले उद्घाटन गरेकी थिइन् । उनले खेलले नै गाउँ, नगर र देशलाई भएकोले पर्सागढी नगरपालिकाले खेललाई प्राथमिकतामा राखेको दाबी गरिन् । उनले अहिलेसम्म पुरुषले मात्र पर्सागढीमा फूटबल खेल्दै आएका तर आगामी दिनमा महिलाहरू पनि मैदानमा उत्रने तयारी भइरहेको बताइन् ।



तस्वीरः प्रतीक

कार्यक्रममा समाजसेवी दुर्गाप्रसाद लामिछाने, सोमबहादुर लामा, गिरिराज कँडेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कोइलाभारमाई युवा क्लब मनवाका अध्यक्ष मोहनप्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्ववडाध्यक्ष तुलाराम महतोले स्वागत र रामजनम चौधरीले सहजीकरण गरेका थिए ।

उद्घाटन खेलमा मौवादेवी युवा क्लब बाराले वीरगंज सिटी क्लबलाई शून्यका विरुद्ध तीन गोल अन्तरले पराजित गर्यो । मौवादेवी क्लबका अमित बछारले दुई र कृपा चौधरीले एक गोल गरेका थिए । यस खेलमा मौवादेवी क्लबका अमित बछार 'म्यान अफ दी म्याच' घोषित भए । भोलि आइतवार वनशक्तिमाई युवा क्लब सिद्धपुर पर्सा र जीतपुर एसटी क्लब बाराबीच हुने आयोजक कमिटीका भरत श्रेष्ठले बताए ।

## एनआई कप क्रिकेटः ज्ञानदा र बिपिसी विजयी

प्रस, परवानीपुर, १२ माघ/

नारायणी क्रिकेट मैदानमा जारी नेशनल इन्फोटेक कप क्रिकेट प्रतियोगिता अन्तर्गत शनिवार दुईवटा खेल सम्पन्न भए ।

आज भएको पहिलो खेलमा ज्ञानदा एकेडमीले डेसिमल कलेजलाई ५७ रन अन्तरले पराजित गर्यो । पहिला ब्याटिङ गरेको ज्ञानदाले निर्धारित १० ओभरको खेलमा आठ विकेट गुमाएर १०६ रन बनाएको थियो । प्रतिउत्तरमा डेसिमल कलेज ९.५ ओभरमा सबै विकेट गुमाएर ४९ रनमा सीमित भयो । यस खेलमा ज्ञानदाका चन्दन राम 'म्यान अफ दी म्याच' घोषित भए ।




दोस्रो खेलमा वीरगंज पब्लिक कलेजले सेन्ट जेभियर्सलाई २८ रन अन्तरले पराजित गर्यो । पहिला ब्याटिङ गर्दै वीरगंज पब्लिक कलेजले निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाएर १३७ रन बनाएको थियो भने सेन्ट जेभियर्स २० ओभरमा नौ विकेट गुमाएर १०९ रनमा सीमित भयो । यस खेलमा वीरगंज पब्लिकका इमरान अन्सारी 'म्यान अफ दी म्याच' घोषित भए ।

## 'राइट टु प्रोटिन' हाफ म्याराथनः सन्तोषी र राजन प्रथम

काठमाडौं, १२ माघ/रासस

मुलुककै सबैभन्दा धेरै खेलाडीको सहभागिता रहेको चौथो संस्करणको 'राइट टु प्रोटिन' दौड प्रतियोगिता सम्पन्न भएको छ । नेपाल भेटेरिनरी एशोसिएशनको आयोजनामा भएको प्रतियोगितामा विभिन्न आठ विधामध्ये खुला हाफ म्याराथनमा महिलातर्फ सन्तोषी श्रेष्ठ र पुरुषतर्फ राजन रोकाया प्रथम भएका छन् ।

१० किलोमिटर (खुला) पुरुषतर्फ सञ्जय श्रेष्ठ, पाँच किमी (खुला) महिलातर्फ फूलमती राना, कक्षा १२ सम्मका विद्यार्थीका लागि पाँच किमी (पुरुष)तर्फ लोकेन्द्र बोहरा र तीन किमी महिलातर्फ अस्मिता भुजेल तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि ह्विलचियर दौड (महिला तथा पुरुष)तर्फ ऐश्वर्यकुमारी कुमाल र रमेश खत्री प्रथम भएको आयोजक समितिका संयोजक डा शीतलकाजी श्रेष्ठले जानकारी दिए ।

कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारी, राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलगायतले विजयी खेलाडीलाई नगद पुरस्कार, प्रमाणपत्र र पदक प्रदान गरे । उनीहरूले विभिन्न आठ विधाका विजेता ४० जना खेलाडीलाई पुरस्कार प्रदान गरे ।